"पाँचखाल नगर–कृषि सहर"

# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल

प.सं. : ०७६।७७

च.नं. : २५२३

फोन नं. ०११-४९९४५१

फ्याक्स नं. ०११-४९९२६७

# सुचना । सुचना ॥ सुचना ॥।

यस पाँचखाल नगरपालिकाको नगर प्रमुखको अध्यक्षतामा नगर क्षेत्र भित्र संचालनमा रहेका खाद्य सामाग्री लगायत अन्य दैनिक उपभोग्य सामान बिक्री वित्तरण गर्दै आउनु भएका होलसेलर तथा खुद्रा व्यवसायीहरु उद्योग वाणिज्य संघ,पाँचखालको मिति २०७६/१२/२५ गते वसेको सयुक्त वैठक वाट तपसिल बमोजिम बजार व्यवस्थापनलाई सु-वेवस्थीत गरी खाद्य सामाग्री लगायत अन्य दैनिक उपभोग्य सामान बिक्री वित्तरण गर्ने/गराउने निर्णय भएको हुँदा यस सुचनालाई पुर्णपालन गरि/ गराई विश्वमा महामारीको रुपमा देखा परेको कोरोना भाईरस ( कोभिड १९ )को संक्रमण वाट सुरक्षित रहन सवै नगरवासीहरुको जानकारीको लागी यो सार्वजनिक सुचना जारी गरिएको छ ।

सुचनालाई कोही कसै ( व्यवसायी, उपभोक्ताहरु ) वाट उलंघन हुने छैन भन्ने पुर्ण विश्वास गरिएको छ । कोहि कसैबाट यस सुचनालाई उलंघन गरेको पाईएमा **कानुन बमोजिम कडा कारबाही** गरिने छ ।

तपशिल -

- खाध्यान्न, तरकारी, मासु तथा फलफुल पसलहरु हप्ताको दुई दिन(सोमबार र शुक्रबार) मात्र खोल्ने (समय विहान ६ बजे देखि १० बजे) सम्म। यो नियम औषधि, भेटेरिनरी तथा बिउ बिजन पसललाई लागु हुने छैन।
- रक्सी, गुट्खा तथा सुपारीजन्य बस्तुहरु अर्को सुचना जारी नभएसम्मको लागि बिक्री वितरणमा पुर्ण प्रतिबन्ध लगाईएको छ।
- होलसेल र खुद्रा ब्यबसायीहरुलाई आबश्यक मास्क तथा पंजा उधोग बाणिज्य संघ मार्फत नगरपालिकाले उपलब्ध गराउने।
- होलसेल र खुद्रा ब्यबसायीहरु बीच समन्वय गर्ने गराउने काम उधोग बाणिज्य संघ मार्फत गर्ने/गराउने।
- ब्यबसायीहरुद्धारा ३ महिनाको लागि खाध्य संकट हुन नदिने सामुहिक प्रतिबद्धता जाहेर भएअनुरुप ब्यबसायीहरुले सोहिअनुसार गर्ने/ गराउने ।

**बोधार्थ-**

श्री जिल्ला प्रशासन कार्यालय, धुलिखेल,काभ्रेपलान्चोक।

श्री जिल्ला प्रहरी कार्यालय, धुलिखेल, काभ्रेपलान्चोक।

श्री शसस्त्र प्रहरी बल १५ नं गण, पाँचखाल, काभ्रेपलान्चोक।

श्री प्रहरी चौकी, पाँचखाल, काभ्रेपलान्चोक।

MaheshKharel

महेश खरेल

नगर प्रमुख

महश खरेल

नगर प्रमख